**क्यान्सर रोग लाग्नबाट बच्ने उपाय**
- मदिरा, धुम्रपान तथा सुर्तीजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाइमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ ०९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिझल्को भैकन बल्नुछ // 2024 January 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४४

# वीरगंजमा रामजानकी मन्दिरको प्राणप्रतिष्ठा




प्रस, वीरगंज, ८ माघ/

वीरगंज महानगर–१० घडीअर्वास्थित रामजानकी मन्दिरमा सोमवार भगवान् रामको प्रतिमाको प्राणप्रतिष्ठा गरिएको छ ।

वीरगंज महानगरको आयोजनामा आज स्थानीय समाजसेवी सोनालाल गुप्ताले राम भगवान्को प्रतिमाको प्राणप्रतिष्ठा गरेका थिए । साढे सात दशकअघि निर्मित रामजानकी मन्दिर सर्वसाधारणको लागि खुला थिएन । नगरप्रमुख राजेशमान सिंहले केही महीनाअगाडि सो मन्दिर सर्वसाधारणको लागि खुला गर्नुका साथै आज त्यहाँ भगवान् रामको प्रतिमाको प्राणप्रतिष्ठा गराएका हुन् ।

मन्दिरको प्राणप्रतिष्ठाको लागि एक सातादेखि सो क्षेत्रमा सजावट गरिएको थियो । आज प्राणप्रतिष्ठासँगै नगरप्रमुख सिंहले मन्दिरमा पूजापाठ गरेका थिए भने सर्वसाधारणले पनि पूजापाठ गरे । प्राणप्रतिष्ठाअघि झाँकीसहितको विशेष कलशयात्रा निकालिएको थियो । विभिन्न वडाहरूबाट निकालिएको कलशयात्रा रामजानकी मन्दिरमा एकीकृत भएर नगरपरिक्रमा गराइएको थियो । साँझ महाआरती, महाभण्डारासहित राति रामलीलाको आयोजना गरिएको थियो ।

यता, छिमेकी भारतको अयोध्यामा राममन्दिरको उद्घाटन, मूर्तिको प्राणप्रतिष्ठा पनि आजै गरिएको र सो अवसरमा पर्सा जिल्लामा भव्यरूपमा पूजाअर्चनासहित झाँकीहरूको प्रदर्शनी गरिएको थियो । आज बिहानदेखि वीरगंज महानगरपालिकालगायत १४ वटै पालिकामा रहेका मन्दिर र केही बजारहरूमा पनि भगवान् रामलगायतको पूजाअर्चना गरिएको थियो ।

१४ वर्ष वनवास काटेर आजका दिन राम, सीता र लक्ष्मण अयोध्या पुगेको अवसरमा अयोध्यामा राममन्दिर र वीरगंजमा रामजानकी मन्दिरको प्राणप्रतिष्ठा गरिएको हो ।

**नरेश यादव, पर्सागढी/**

पर्सागढी नगरपालिकाका विभिन्न वडाबाट आज शोभायात्रा निकालिएको थियो । अयोध्यामा राममन्दिरको प्राणप्रतिष्ठा भएको खुशियालीमा पर्सागढी नगरपालिकामा विभिन्न धार्मिक कार्यक्रम, २४ घण्टे अष्ठयाम पनि शुरू भएको छ ।

**गम्भीरा सहनी, जीतपुर/**

भारतको अयोध्यामा राममन्दिर उद्घाटन र मूर्तिको प्राणप्रतिष्ठा भएको अवसरमा जीतपुरसिमरा उपमहानगरमा पनि शोभायात्रा निकालिएको थियो । जीतपुरसिमरा उपमनपामा विशाल शोभायात्रा निकालेर नगरपरिक्रमा गरिएको थियो ।

# सिम्रौनगढ छोटी भन्सारको विकास गर्छौं -अर्थमन्त्री

रामेश्वर मेहता, सिम्रौनगढ, ८ माघ/

अर्थमन्त्री डा प्रकाशशरण महतले सिम्रौनगढ छोटी भन्सारको विकास एवं विस्तार गर्ने बताएका छन् ।

सोमवार सिम्रौनगढ छोटी भन्सार नाकाको निरीक्षण गर्दै उनले स्थानीय जनताको आवश्यकतालाई पूर्ति गर्ने हिसाबले यो नाकालाई बिस्तारै अगाडि बढाउन आवश्यक पूर्वाधार तयार पार्ने बताए । उनले नेपाल–भारत सीमालाई व्यवस्थित गर्न स्थानीय पालिकाको भूमिका महत्त्वपूर्ण हुने बताए ।


तस्वीरः प्रतीक

अर्थमन्त्री डा महतले दैनिक जीवनमा किनबेच–आवतजावत सहज होस् भनेर भारतीय पक्षसँग कुराकानी गरी सिम्रौनगढ भन्सार नाकाको स्तरोन्नति गर्ने बताए । उनले खाद्यान्न र उद्योग व्यवसायका लागि बारा जिल्ला महत्त्वपूर्ण रहेको बताए । उनले बारा जिल्लाको औद्योगिक करिडोर विस्तार सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई प्राथमिकतामा राखेको बताए ।

उनले भने, "विमानस्थल बन्यो भने बाराको महत्त्व अझ विस्तार हुन्छ । बारामा अधिकांश सडक बनिसकेका छन् । मरिन सुनकोशी डाइभर्सन निर्माण भएपछि बारामा सिंचाइका लागि दुःख नहुने र त्यसपछि बाराको कृषि उत्पादनका साथै उद्योग, व्यापार र व्यवसाय बढ्ने बताए ।

उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबूप्रसाद कुशवाहालगायत उद्योगी–व्यापारीहरूले आआफ्नो समस्याबारे अर्थमन्त्रीलाई जानकारी गराएका थिए । उनीहरूले वीरगंज र गौरको बीचमा एउटा पनि ठूलो भन्सार नभएकोले मालसामान भन्सार पास गर्न वीरगंज वा गौर जानुपर्दा यसबाट समय र लागत पनि थपिने बताएका थिए ।

तामागढी–सिम्रौनगढ सडकमा पर्ने जग्गाको मुआवजा दिनुपर्ने, नेपाल राष्ट्र बैंकको सटही काउन्टर खोल्नुपर्ने माग राखेका थिए ।

कार्यक्रममा नेका मधेस प्रदेशका उपसभापति चन्द्रशेखरकुमार यादव, बारा क्षेत्र नं १ का सभापति विजयशङ्कर यादव, डिजी सोधाकान्त पौडेल, वीरगंज भन्सार प्रमुख डिलाराम पन्थी, नेका मधेस प्रदेश सदस्य उपेन्द्रप्रसाद जयसवाल, नगर सभापति नागेन्द्रसाह कानू, जयन्त कुशवाहालगायतको सहभागिता थियो ।

यसअघि अर्थमन्त्री महतले प्रसिद्ध शक्तिपीठ कङ्कालीमाईमा गई पूजाअर्चना गरेका थिए ।

# पक्राउ पुर्जी जारी भएसँगै २० जनाभन्दा बढी फरार
## वन समूहका अध्यक्ष थापालाई दुईपटक म्याद थप

प्रस, निजगढ, ८ माघ/

वन अतिक्रमणविरुद्ध पक्राउ पुर्जी


निजगढ नगरपालिका–२ स्थित वन क्षेत्र फँडानी गरी खेतीपाती गरिंदै । तस्वीरः फाइल/प्रतीक

जारी भएको चार महीनापछि वन समूहका अध्यक्ष पक्राउ परेपछि मुद्दा लागेका एकै गाउँका २० जनाभन्दा बढी मानिसले गाउँ छाडेका छन् ।

निजगढ नगरपालिका–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापालाई गत पुस २८ गते पक्राउ गरी डिभिजन वन कार्यालय, बाराले अनुसन्धान अघि बढाएपछि बारा जिल्ला अदालतले पाँच दिने म्याद थप गरेको डिवका, बाराले जनाएको छ ।

बारा जिल्ला अदालतले २०८० भदौ १५ गते २६ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेपछि अन्य व्यक्तिहरू फरार भएका थिए ।

सामुदायिक वन समूहको वन क्षेत्र आबादी गराएको आरोपमा २०७३ असार २० गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजूरी परेको थियो । अख्तियारले २०७७ असार ११ गते निर्णयसहित दोषी देखिएका व्यक्तिमाथि कारबाई प्रक्रिया अघि बढाउन डिवका, बारालाई पटकपटक पत्राचार गरेको र सोही क्रममा सतर्कता केन्द्रमा उजूरी परेपछि २०७९ पुस २१ गते आवश्यक कारबाई अघि बढाउन सतर्कता केन्द्रबाट पनि पत्राचार भएको थियो ।

सो वन समूहको २० हेक्टरभन्दा बढी वन क्षेत्र आबाद भएको उजूरी परेको उक्त मुद्दाका अनुसन्धान अधिकारी एवं वन अधिकृत रघुनाथ दासले बताए ।

आबाद गरिएको वन क्षेत्रमा स्थानीय नेपाल राष्ट्रिय मावि, लोकप्रिय आधारभूत विद्यालय, नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टाँसी छोइलिङ गुम्बा, टाँसी धार्गेलिङ बौद्ध गुम्बा, रुद्रधर महादेव, श्रीकृष्णप्रणामी मन्दिर, सरस्वती आधारभूत विद्यालयलगायत जमीन भागबन्डा गरी आबादीमा संलग्न तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रअ, गुम्बाका अध्यक्ष, मन्दिरका अध्यक्षलगायत २६ जनाविरुद्ध बारा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको हो ।

आबाद गरिएको वन क्षेत्रमा निरन्तर मौसम अनुसार बाली लगाउनुका साथै केराबाली लगाइँदै आएको छ । तत्कालीन माओवादी सशस्त्र द्वन्द्वताका फँडानी गरिएको सो वन क्षेत्रमा स्थानीय बासिन्दाहरूले मानवबस्ती बसाल्न रोक लगाएका थिए । अतिक्रमण गरिएको वन क्षेत्रमा सार्वजनिक, सामुदायिक विद्यालय, मठमन्दिर, गुम्बा, सङ्घसंस्था सञ्चालनका लागि जमीन भागबन्डा गरी खेतीपाती र ठेक्कासमेत लगाइँदै आएको छ ।

# वीरगंजमा वृन्दावन होटल, इशामार्ट सञ्चालन

प्रस, वीरगंज, ८ माघ/

वीरगंजमा थप नयाँ होटल सञ्चालनमा आएको छ । वीरगंज महानगर–५ कन्या माविअगाडि सञ्चालनमा आएको वृन्दावन होटलको सोमवार नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गरे । होटल सञ्चालक पप्पु सर्राफले १० करोड लागतमा सुविधासम्पन्न होटल सञ्चालनमा ल्याएको बताए । सर्राफ परिवारद्वारा नै वीरगंजमा अनमोल स्वीट्स र हेटौंडामा अनमोल होटल तथा स्वीट्स सञ्चालनमा छन् ।

हेटौंडा र वीरगंजको अनमोलसँगै अहिले वृन्दावन होटल सञ्चालनमा आएको र यसलाई सफलतापूर्वक अगाडि बढाउने उनले बताए । दुई वर्ष अवधिमा निर्माण भएको सो होटल छ तले छ भने त्यसमा ३० वटा सुविधासम्पन्न कोठा, दुईवटा ब्याङ्क्वेट हल, एउटा समारोह हल र एउटा रेस्टुरेन्ट छ । होटल सञ्चालनमा आएसँगै प्रारम्भमा ३० जनाले रोजगार पाएको सञ्चालक सर्राफले बताए ।

यसैगरी, वीरगंजको घण्टाघर लिङ्करोडमा हार्डवेयरका सामग्री बिक्री गर्ने स्टोर सञ्चालनमा आएको छ । वीरगंजका चारजना व्यवसायीको संयुक्त रु चार करोडको लागतमा इशा बिल्डमार्ट



सञ्चालनमा आएको हो ।

मार्टका सञ्चालकहरूमा सन्दीप अग्रवाल, अनुप अग्रवाल, राकेश सर्राफ र दिनेश बक्का रहेका छन् । मार्टको उद्घाटन पनि नगरप्रमुख सिंहले गरेका थिए । १० जनाले प्रत्यक्ष रोजगार पाएको सो मार्टमा सेनिटरी, हार्डवेयरलगायत निर्माण सामग्री पाइन्छ ।

**विचारसार र सुक्तिहरू**

**उमेरका साथ धेरै केही परिवर्तन हुँदैन, मात्र बालपनको जिद्दी सम्झौतामा परिवर्तित हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# वैदेशिक रोजगार र ठगी

**वैदेशिक रोजगारको नाममा ठगीका घटनाहरू दशकौंदेखि हुँदै आएका छन् । वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या अहिलेसम्म कम हुन सकेको छैन । जबकि अहिलेसम्मका सरकारले स्वदेशमा रोजगार सिर्जना गर्ने, वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्यमा कमी ल्याउने प्रतिबद्धता जाहेर गर्दै आएका छन् । तर सोअनुरूप रोजगार वृद्धिका कामहरू गर्न नसकेको र भएका रोजगारहरू पनि गुम्दै जाँदा टुलुटुलु हेर्नेबाहेकका अन्य चलायमान गतिविधि गर्न सकेका छैनन् । अहिले देश आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । वैदेशिक मुद्राको सञ्चितीकरण घट्दो छ । आयात बढ्दै छ भने निर्यात घट्दो छ । सरकारी तथ्याङ्कले भारतसँगको व्यापार घाटा मात्र वार्षिक १० खर्ब देखाउँछ । तथ्याङ्कले देखाएको यो यथार्थलाई हाम्रो राजमार्गले पनि दर्शाउँछ । वीरगंज–हेटौंडा त्रिभुवन राजपथका सडकको एकातर्फ खाल्डाखुल्डी छन् । पश्चिमतर्फको सडकलाई बेलाबखत कटिङ्ग गरेर, कालोपत्र गरेर मिलाउने कार्य हुँदै आएको छ । सडकको पश्चिमतर्फको खाल्डाखुल्डी सडक र पूर्वतर्फको समथर सडकले आयात–निर्यातको दृश्य उजागर हुन्छ ।**

**अहिले परवानीपुर–पथलैया सडकखण्डको अवस्था पनि त्यस्तै हुँदैछ । बल्लतल्ल निर्माण कार्य सम्पन्न भएको यो सडकखण्डको पश्चिमतर्फका सडकहरू ठाउँ–ठाउँमा कटिङ गरेर कालोपत्र गरी टालटुल पारिएका छन् । आयात घटाउने र निर्यात बढाउनेतर्फ सरकारको ध्यान केन्द्रित हुन सकेकै छैन । विदेशी मुद्रा सञ्चितीकरणका लागि यसअघि सरकारले विलासिताका वस्तुहरूको आयातमा रोक लगाएको थियो । विलासिताका वस्तुहरूको आयात रोकेको सरकारले आन्तरिक उत्पादनमा बढाउन खासै ध्यान दिएन । भएका उद्योगहरू विभिन्न बहानामा बन्द हुँदैछन् । आफ्नै स्रोत र साधनहरूबाट सञ्चालित उद्योगहरूलाई पनि सरकारले जोगाउन सकेको छैन । त्यसको ज्वलन्त उदाहरण आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगहरू हुन् । एकपछि अर्को बन्द हुँदैछन् । कृषि कर्मका लागि खुलेका चामल उद्योगहरू पनि स्वदेशी धानले धान्न नसकेर भारतीय धान र चामलको भरमा सञ्चालन गर्नु परेकोले आर्थिक व्ययभार थेग्न नसकेर कतिपय बन्द भएका छन् भने कतिपय बन्द हुने अवस्थामा पुगेका छन् । यो अवस्थामा रोजगारका लागि विदेशिनुको विकल्प नदेख्ने युवाहरू दैनिक करीब १५ सयको सङ्ख्यामा विदेशिने गरेका छन् । वैदेशिक रोजगारमा पठाउने होडबाजीसँगै यो क्षेत्रमा ठगीका घटनाहरू पनि बढ्दो छ ।**

**आकर्षक तलबसहितको रोजगारको प्रलोभनमा पारेर दक्ष, अदक्ष श्रमशक्तिलाई विदेश पठाउने र विदेश गएपछि भनेजस्तो रोजगार, तलब नपाउने, कतिपय त्यहाँ गएर रोजगारविहीन हुनुपर्ने, लुकेर बस्नुपर्ने, अनि भोकमरीलगायतको शिकार भएर अकालमा ज्यान गुमाउनुपर्ने घटनाहरू प्रकाशमा आएका छन् । वैदशिक रोजगारमा अदक्ष जनशक्ति जाँदा हुने जोखिम न्यूनीकरण गर्न अहिले प्रदेश सरकारको पहलमा वैदेशिक रोजगारमा जानेहरूलाई सीप अनुसारको दक्षता प्रदान गर्ने, सहुलियतमा ऋण दिने जस्ता पहलहरू भएका छन् । सरकारको च्यानलबाट विधिवत्‌रूपमा वैदेशिक रोजगारमा जानेभन्दा सो च्यानल तोडेर म्यानपावर र एजेन्टहरूको बहकावमा परेर विदेशिने अनि ठगिनेहरूको सङ्ख्या बढ्दो छ । यसप्रकार का ठगिको शिकार हुन नपरोस् भन्ने तर्फ तीनै तहका सर कारहरु सक्रिय हुन जरुरी छ ।**

# सामाजिक दुरवस्थामा अध्यात्मको महत्त्व

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला** Phd

rajendrakoirala20@gmail.com

**यो वैश्ययुगको हालीमुहाली, परिवर्तन र चुनौतीहरूबीच आध्यात्मिकताको ठूलो महत्त्व हुन्छ । यसले सहनशक्ति, धैर्य, आदर, सत्कार, शिष्टाचार र नैतिक आधार दरिलो बनाउने काम गर्छ । नकारात्मकतातिर बरालिरहेको समाजको पथ प्रदर्शनमा ठूलो मदत गर्ने कुरा नकार्न सकिंदैन ।**

२१ औं शताब्दीको द्रुत गतिको विज्ञान र प्रविधिको भौतिक विकासको निरन्तरतासँगै मानिसहरू निरन्तर आधुनिक जीवनका चुनौतीहरूसँग जुधिरहेका छन् । समाजमा अशान्ति र अराजकताको अवस्थाले संसारलाई गाँजिरहेको छ । लडाइँ, घृणा, तिरस्कार, आपसी द्वन्द्वले आज संसार पिरोलिइरहेको छ । यी र यस्तै विषयले गर्दा आज अध्यात्मको अपरिहार्यता बढेको छ ।

केही सामाजिक विकृतिका दृष्टान्त म यहाँ प्रस्तुत गर्न चाहन्छु–

सम्बन्ध विच्छेदको सन्दर्भमा भएको विवादमा गत असार ३१ गते प्रहरी कार्यालयमा सहमति भए पनि घर पुगेपछि लोग्नेले पत्नीको हत्या गरेको थियो । गत आइतवार अनलाइनमार्फत केकमा गाँजा मिसाई लागू पदार्थ कारोबार गरेको आरोपमा काठमाडौं–२९ का बिसन मानन्धरलाई पक्राउ गरियो । सम्पत्ति हडप्न र लोग्नेको पेन्सनबाट वञ्चित गर्न गरिएको जीवित मान्छेलाई मृत घोषणा गर्ने षड्यन्त्रमा बर्दिया अदालत र मधुवन नगरपालिकासमेत प्रयोगमा आएको कुरा छापामा पढ्न पाइयो । गत पौष १६ गते काठमाडौंको बालकुमारीमा कोरियाका लागि फाराम स्वीकृत गर्न गरिएको दबाबमा गोली चल्यो । त्यसमा दुईजना युवकको ज्यान गयो । सर्लाहीको बथनाहामा स्वास्थ्यचौकीको गुणस्तर वृद्धि गर्ने कि नगर्ने भन्ने विषयमा विवाद चर्कंदा भएको भिडन्तमा प्रहरीले चलाएको गोली लागेर एकजना युवकको ज्यान गयो । पौष २३ गते राति इलामको माई नगरपालिका–६ का ३७ वर्षीय बाबु दिलबहादुर राईले १७ वर्षीय छोरा जीवनलाई सामान्य विवादमा खुकुरी प्रहार गरी हत्या गरे । यी र यस्ता घटना समाचारहरू आउँदा कसको मन अमिलो नहुदो हो !

बिहे गरी रोजगारका लागि विदेश गएका केटाहरू स्वदेश फर्के । फर्कंदा घरमा पत्नी हुन्न । उसले पठाएको धनसम्पत्ति पनि हुँदैन । समाजका भद्र महिला तथा पुरुषहरूका खाता ह्याक गरिदिने, तेजोवध गर्ने, मनोबल गिराउने अनि बन्धुबान्धवहरूका अघि मुखै देखाउन नसकिने परिस्थिति सृजना गर्ने काम भयो र हुँदैछ । सामाजिक सञ्जालको दुरुपायोगले मानिसको व्यक्तिगत जीवन धाराशायी भएको अवस्था ब्रगेल्ती छ । शान्त र सुखी जीवनमा भुइँचालो जाने परिस्थिति परिदृश्यमा आइरहेका छन् । काठमाडौंमा बर्दीधारी प्रहरीमाथि नै हातपात भएको छ । धर्म र धर्मान्तरणका विषयमा ठूला जुलूस भइरहेछन् । शासकले नै अमुक धर्म नमान्नेहरू संविधानविरोधी र देशद्रोही भनिरहेछ । शासनसत्ता सम्हालेको १ वर्ष पुग्न नपाउँदै जातीय तथा धार्मिक युद्धको परिवेश सृजना गर्न खोजिंदै छ । पौष २३ गते काठमाडौं, विजुलीबजारस्थित चक्रवर्ती कलेजका सञ्चालकमाथि छोरासहितका समूहले पिताको टाउकामा खुकुरी प्रहार गरी हत्या गर्ने प्रयत्न गरे । पौष २४ गते सिराहा जिल्ला कल्याणपुर–३ का मिटरब्याज पीडित सञ्जय कामतीमाथि दुर्व्यवहारसहित खुकुरी प्रहार गर्ने प्रयत्न भयो । यस्ता घटनाक्रमले समाज कता गइरहेको छ उजागर गरिरहेको छ । पैसा र शक्तिको बलमा जसले जे गर्दा पनि हुने र साम, दाम, दण्ड, भेदलाई प्रयोग गरी जसरी पनि भौतिक सुखको खोजीमा मानिसहरू लिप्त भइरहेका छन् । दण्डहीनताले पराकाष्ठा नाघेको छ ।

वैदेशिक रोजगारले मानिसको आर्थिक पक्ष जति सुधाऱ्यो त्योभन्दा ज्यादा सामाजिक विकृति भित्र्यायो । एउटा बिराउने, शाखा पिराउने उक्ति अहिले चरितार्थ भइरहेको छ । हुन पनि बिहेपछि पत्नीलाई राम्ररी नचिन्दै र उनको आनीबानी, स्वभाव, प्रवृत्ति आदि केही नबुझ्दै विदेशिने अनि उनका नाउँमा लाखौं रकम पठाइरहँदा अधिकांश पातिव्रत्य चरित्र भएका पत्नीहरूले त्यसको सदुपयोग गरे र पारिवारिक जीवन अब्बल तुल्याउन लोग्नेलाई सहयोग गरे । त्यहीं केहीले आफूलाई जोगाउन सकेनन् । पतिव्रता धर्मलाई वा भनौं सतित्व बजारमा राखेको आलुजत्ति पनि ठानेनन् । उन्मादमा स्वाहा तुल्याइदिए । त्यस्ता पात्रले लोग्नेले चर्को गर्मीमा कमाएर पठाएको पैसा परपुरुषलाई मात्रै पोसेनन्, भएभरको सम्पत्ति लिएर फरार भए । यस्तै महिलाका कारण विदेश गएका अल्लारे युवाहरूले कलकलाउँदो उमेरकी तर पवित्र मन भएकी स्वास्नीमाथि शङ्का गरिरहेका छन् । एउटा राम्रो र सुखी परिवारलाई मानव अधिकारको नाममा क्षतविक्षत पारेको अवस्था छ । विदेश जाने नाममा आफ्नो घरवार लथालिङ पारेका छन् ।

सामाजिक सञ्जालका कतिपय अतिरञ्जित समाचारलाई विश्वास गरी परिवारको राम्रो संरचना बजारमा लिलाम गरेको अवस्था छ । पैसाका छिमेकी, दाजुभाइ, यदाकदा लोग्नेस्वास्नी र साथीभाइबीच द्वन्द्व, कुटपिट, काटाकाट पहिले पनि हुन्थे, अहिले बढ्दो क्रममा देखिन्छ । अहिले त छोराले बाबु र बाबुले छोरा अनि छोराले आमा मार्ने घटना छिटपुट बाक्लै देखिन थालेको छ । यो सामाजिक विकृतिको चरमोत्कर्ष हो । धनसम्पत्तिका लागि जिउँदो मान्छेलाई मृतक बनाउने तहमा पुगिसकेका छन् मान्छेहरू । यस्ता घटना भित्रभित्रै भइरहेका छन् अनगिन्ती । खासगरी, छोराछोरी शहर गएपछि उतै भेट्न गएका बाआमाका घरजग्गा, विदेश गएका बाआमाका जग्गाजमीन, शहरमैं बसोवास गरी गाउँ नफर्कने मानिसका जमीनको किर्ते कागजात बनाउनेदेखि मृत्यु भएको घोषणा गरेर हडप्नेसम्मका कामहरू भइरहेका छन् ।

पत्नी र छोरीसम्मलाई भारतको कोठी पुऱ्याएर बेच्न पछि नपर्ने बाबुले अहिले बढी पैसा आउने लोभमा विदेशका कोठीहरूसम्म पुऱ्याउने तहसम्म पुगेको छ । यी सब हुनुको कारण आध्यात्मिक ज्ञानको कमी हो । यस्तो समाजलाई पुरानै अवस्थामा ब्युँताउन अध्यात्म ज्ञान अति आवश्यक छ ।

जहाँसम्म बच्चाहरूमा लागू पदार्थजन्य समस्या देखिने गर्छ, त्यसमा पारिवारिक समस्या जोडिने गर्छ । त्यहाँ कि मातापिताबीच सुमधुर सम्बन्ध छैन, धनसम्पत्ति अथाह छ तर बाबुको कुशल अभिभावकत्व छैन । आमाको हप्काइदप्काई र उसका गतिविधिमा आवश्यक लगामसहितको मातृ–वात्सल्यको अभाव छ ।

समाजमा छुवाछूत, बोक्सीसम्बन्धी घटना यदाकदा मात्र सुनिन्छ, त्योभन्दा अहिले बिहेका अनावश्यक ढर्रा र ढाँचाहरू देखिन थालेका छन् । हिजो बिहे, व्रतबन्ध आदि कर्म निकै सस्तो र सरल थियो । कोही बिरामी परे रातभर जाग्राम बस्थ्यो । कसैको निधन हुँदा सिङ्गो समाज रुन्थ्यो । उसका घरका समस्या समाजका समस्या बन्थे । सारा समाज जुट्थ्यो र समाधान गर्थ्यो । जुनसुकै जाति र संस्कृति बोकेको मानिस किन नहोस्, सबै सरिक हुन्थे । चाहे दुःख होस् चाहे सुख । मानिसमा सामाजिक भावना धेरै मजबूत थियो । मानवता र मानवीय संवेदना पनि उत्तिकै थियो । एकले अर्कालाई पर्दा ज्यान दिएर गर्थे सहयोग । समाजलाई विभाजित गर्न खोज्ने शक्तिहरू स्वतः हुन्थे पराजित । अहिले त दल दलबीचको तिक्तताले बलियो सामाजिक संरचना धुजाधुजा बनाउने काम भइरहेको छ ।

यतिमात्र होइन, युवकहरू विदेशिने क्रमले नेपालको शैक्षिक, सामाजिक, सांस्कृतिक तथा सहकारीजस्ता क्षेत्रमा महिलाहरूको योगदान र नेतृत्व स्थापित हुँदै गएको छ । हिजो वैदेशिक अध्ययनका लागि बाहिरिनेमा बढी छात्र हुन्थे । अहिले छात्राहरू पनि जान थाले उत्तिकै सङ्ख्यामा र पनि महाविद्यालयहरूमा छात्राहरू नै हुने गर्छन् धेरै । केटाहरूको बाहुल्य हुँदा जुन हर्कत गर्थे अहिले त्यस्तै हर्कत गर्छन् छात्राहरू । यस्तो परिवर्तन सहज र सरल पनि देखिन थालेको छ । समाजमा क्रमिकरूपमा भइरहेको छ परिवर्तन । यसलाई अन्यथा मानिहाल्न त मिल्दैन, तर यसले हिजोको पारिवारिक संरचना परिवर्तित भइरहेको अनुभूति हुन्छ ।

एकजना बुवाको मोटरसाइकल दुर्घटनामा परी ज्यान गयो । उनका छोराछोरीहरू अस्ट्रेलिया थिए । ३ दिन कुरेपछि बल्ल उनको सद्‌गति भयो । यस्तो स्थिति हरेक घरमा छ । गाउँ होस् या शहर, १२ उत्तीर्ण हुन् वा नहुन्, विदेश पुगिरहेछन् । घरमा बूढाबूढीको मात्र छ उपस्थिति । तिनीहरू बिरामी भए हेरचाह गर्ने कुरा त परै जाओस्, मृत्यु हुँदा सद्‌गति गर्न समयमा आउने स्थिति छैन । भोलि यस्तो पनि हुन सक्छ कि मातापिताको मृत्यु हुँदासमेत आउनसमेत नसकून् । त्यसमा एकजनाको मृत्यु भएको स्थितिमा त झन् अवस्था नाजुक हुन्छ र यो स्थिति झन्झन् बढ्दै जाने क्रममा छ ।

हजुरआमासहितको परिवार स्वर्गसमान हुन्छ भन्ने ठान्ने समाज अहिले बिस्तारै वृद्धवृद्धालाई भार सम्झिन थालेको छ । उनीहरूकै कारण कमाइ गर्न जान बाधा भइरहेको सम्झने, खर्चबर्च बढी लागेको सम्झेर उपचार नगराउने, टार्नेजस्ता प्रवृत्ति, उनीहरूले भनेको राम्रा अर्ती र उपदेशलाई कचकच गरेको ठान्नेहरूको ठूलै ताँती देखिन्छ ।

ट्याक्टरले जोत्ने चलन नहुँदा वर्षौं अघिदेखि महिलाले हलो जोत्न र आली लगाउन थालिसकेका थिए । लाश बोकेर घाट लैजाने र जलाउने काम गर्न थालिसकेका थिए । अहिले पेशाकै रूपमा पनि लाश जलाउन थालेका छन् । यी र यस्ता घटनाहरूले समाज परिवर्तनतिर उन्मुख देखिन्छ । त्यतिमात्र होइन, समाज सकारात्मकभन्दा नकारात्मक बन्दो छ । सहनशीलता र हार्दिकता शून्यमा विलय हुँदै गएको छ । यी र यस्ता समस्या समाधान गर्ने भनेको अध्यात्म शिक्षा हो । यसलाई प्रश्रय दिएर सिकाइको एउटा अभिन्न विषय बनाउनु अपरिहार्य बन्न पुगिसकेको छ । नत्र समाजको अवसान निश्चित छ ।

वर्तमान युगको द्रुत परिवर्तन र चुनौतीहरूबीच आध्यात्मिकताले ठूलो महत्त्व राख्छ । यसले माइन्डफुलनेस, सहनशक्ति, समुदाय र नैतिक आधारको दिशा प्रदान गर्छ ।

**निष्कर्ष** :

यो वैश्ययुगको हालीमुहाली, परिवर्तन र चुनौतीहरूबीच आध्यात्मिकताको ठूलो महत्त्व हुन्छ । यसले सहनशक्ति, धैर्य, आदर, सत्कार, शिष्टाचार र नैतिक आधार दरिलो बनाउने काम गर्छ । नकारात्मकतातिर बरालिरहेको समाजको पथ प्रदर्शनमा ठूलो मदत गर्ने कुरा नकार्न सकिंदैन ।

**अन्त्यमा** :

समाजसँग गाँसिएका प्रत्येक तह र तप्काका व्यक्तिले यस्तो सामाजिक विशृङ्खलता कसरी रोक्न सकिन्छ भनी चिन्ता र चिन्तन गर्नु आजको अपरिहार्यता हो । समाज छ अनि हामी छौं, समाज नै नरहे हामी कहाँ रहन्छौं होला !

# अयोध्यामा राम मन्दिरको उदघाटन, नेपालमा उल्लास

धनुषा, ८ माघ/रासस

मधेस प्रदेशको राजधानी जनकपुरधामबाट पाँच सय किलोमिटर टाढा रहेको भारतको अयोध्यामा राममन्दिरको सोमवार उद्‌घाटन भइरहँदा मधेससहित नेपालभरि नै उल्लासमय वातावरण बनेको छ ।

आज भारतको अयोध्यामा राममन्दिरको स्थापना र रामललाको प्रतिमालाई प्राणप्रतिष्ठा दिइने चर्चाको विषय बनेको छ । यतिखेर जताततै चर्चाको प्रमुख विषय नै राममन्दिरको उद्‌घाटन बनेको छ । अयोध्यामा नवनिर्मित भगवान् रामको मन्दिरको प्राणप्रतिष्ठालाई लिएर मधेस प्रदेशको राजधानी भगवान् रामको ससुराली जनकपुरधामसहित मधेसका अधिकांश मठमन्दिर रङ्गरोगन गरेर चिटिक्क बनाइएका छन् भने जताततै राम र हनुमान अङ्कित झन्डा झुन्ड्याइएका छन् ।

राममन्दिरको प्राणप्रतिष्ठाका लागि जानकी मन्दिरको तर्फबाट चाँदीका धनुष बाणलगायत सुनचाँदीका विभिन्न गहना, लत्ताकपडा, फलफूलसहित एक हजारभन्दा बढी भार अयोध्या पठाइसकेको छ भने आज साँझ जनकपुरधामस्थित जानकी मन्दिरमा सवा लाख दीप बालिएको छ ।

राममन्दिरको प्राणप्रतिष्ठाका दिन एक लाख २५ हजार दीप बाल्नुका साथै विशेष आरती गरिएको जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र साहले जानकारी गराए । यसका साथै आज उत्सवका रूपमा मनाउन जनकपुरवासीलाई आग्रह गरिएको छ । राममन्दिरको उद्‌घाटनको दिन दुवै मुलुकका लागि विशेष भएकोले दीप बाल्न तथा उत्सवमा उपस्थित हुन सबैमा आग्रह गरिएको छ ।

त्रेतायुगमैं नेपाल र भारतको सांस्कृतिक सम्बन्ध जोडिएको र सोही सम्बन्धका कारण अयोध्यामा उत्सव छाएको बेला नेपाल पनि उल्लासमय बनेको बताइएको छ । "त्रेतायुगमा राम र सीताको वैवाहिक सम्बन्धले दुई देशलाई एक सूत्रमा बाँधेको छ, जसको उदाहरण रामललाको प्राणप्रतिष्ठाको अवसर हो," जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशणदास वैष्णव भन्छन्, "भगवान् रामको मन्दिर अयोध्यामा पाँच सय वर्षपछि निर्माण हुनु र रामललाको प्रतिमाले प्राणप्रतिष्ठा पाउनु सबै सनातनी हिन्दू धर्मावलम्बीका लागि गौरवको कुरा हो र यस अवसरमा जति धेरै उत्सव मनाइन्छ, त्यो कम नै हुन्छ ।"

जनकपुरधाम उपमहानगरपालिकाले पनि भगवान् रामको प्राणप्रतिष्ठा हुने दिन सनातनी हिन्दू धर्मावलम्बीका लागि विशेष दिन भएकोले पालिकाभित्र माछा,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# पूँजीगत खर्चभन्दा सरकारी ऋणको साँवाब्याज तिर्न दोब्बर खर्च

काठमाडौं, ८ माघ/रासस

महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा पूँजीगत खर्च रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर छ। यही अवधिमा सरकारी ऋणको साँवाब्याज तिर्न भने रु एक खर्ब १६ अर्ब ५८ करोड पाँच लाख बराबर खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा देखिन्छ।

चालू आर्थिक वर्ष २०८०/८१ को सुरुआती छ महीना अवधिमा मात्र पूँजी निर्माण अर्थात् विकास निर्माणका काममा सरकारले खर्च गरेको खर्चभन्दा सार्वजनिक ऋणको साँवाब्याज तिर्न भएको खर्च रु ६७ अर्ब ३४ करोड ४७ लाखले बढी हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्क अनुसार पुस मसान्तसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा रु ५९ अर्ब ३७ करोड १६ लाख र ब्याज भुक्तानीमा रु ३४ अर्ब १९ करोड ४८ लाख बराबर खर्च भएको छ। आन्तरिक ऋणको साँवाब्याजमा मात्र खर्च भएको रकम रु ९३ अर्ब ५६ करोड ६४ लाख बराबर हो।

त्यस्तै, बाह्य ऋणको साँवाब्याज तिर्न छ महीनामा रु २३ अर्ब एक करोड ४१ लाख बराबर भुक्तानी भएको छ। सोमध्ये बाह्य ऋणको साँवा भुक्तानीमा १८ अर्ब सात करोड ९८ लाख र ब्याज भुक्तानीमा रु चार अर्ब ९३ करोड ४३ लाख बराबर खर्च भएको छ। छ महीना अवधिमा सरकारले रु एक खर्ब ६२ अर्ब ५८ करोड ४९ लाख बराबर ऋण उठाएको छ। सोमध्ये रु एक खर्ब २८ अर्ब ३१ करोड बराबर आन्तरिक र रु ३४ अर्ब २७ करोड ४९ लाख बराबर बाह्य ऋण लिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कबाट देखिन्छ।

**ऋण बढ्यो तर अर्थतन्त्र बढेन**

चालू आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालको कुल सार्वजनिक ऋण रु २३ खर्ब ८४ अर्ब ४८ करोड ६० बराबर पुगेको छ। यसमध्ये आन्तरिक ऋण रु ११ खर्ब ९८ अर्ब चार करोड २२ लाख र बाह्य ऋण रु ११ खर्ब ८६ अर्ब ४४ करोड ३८ लाख बराबर छ। गत आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर थियो। अर्थात् चालू आवको छ महीनामा मात्र रु ८५ अर्ब १३ करोड बराबर सार्वजनिक ऋण थपिएको छ। पछिल्लो पाँच वर्षमा मात्रै सरकारी ऋण दोब्बर भएको छ। आव २०७५/७६ मा सरकारी ऋण रु १० खर्ब ४८ अर्ब १५ करोड बराबर थियो। यस्तो ऋण बर्सेनि बढेर आव २०७६/७७ मा १४ खर्ब ३३ अर्ब, आव २०७७/७८ मा रु १७ खर्ब ३७ अर्ब र आव २०७८/७९ मा रु २० खर्ब १३ अर्ब पुगेको थियो।




यसरी सार्वजनिक ऋणको रकम बढ्दै जानु तर त्यस्तो ऋणले पूँजी निर्माण गर्न तथा समग्र जिडिपीको आकार बढाउन नसक्नु ठूलो समस्याका रूपमा देखिएको छ। सरकारले लिने आन्तरिक ऋण उत्पादन क्षेत्रमा लगानी हुन नसक्नु र बाह्य ऋण लिइएका विकास निर्माण आयोजनामा सम्पन्न गर्न ढिलाइ हुनु अहिलेको मुख्य समस्या रहेको पूर्वमहालेखा नियन्त्रक एवं आर्थिक नीति विश्लेषक गोपीनाथ मैनाली बताउँछन्।

"आन्तरिक ऋण पूँजी निर्माणका क्षेत्रमा नभई साधारण प्रकृतिको खर्चमा गएको छ। पछिल्लो तीन/चार वर्षयता आन्तरिक ऋण बढ्दै गएको छ तर पूँजी निर्माणमा खर्च भएको छैन। यो समस्या हो," मैनाली भन्छन्, "ऋणको व्यवस्थापन लागत उच्च भयो। वैदेशिक ऋण लिएर खर्च भएका आयोजना तत्काल सम्पन्न हुन सकेनन्। यसले पनि पूँजी निर्माणमा विलम्ब गर्‍यो।"

आन्तरिक ऋण उत्पादनका क्षेत्रमा प्रयोग हुनुपर्नेमा उपभोगका क्षेत्रमा खर्च भइरहँदा एकातर्फ यसले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा न्यून योगदान गर्ने र अर्कोतर्फ दायित्व पनि थपिँदै जाने उनको भनाइ छ।

समग्र अर्थतन्त्रको आकार बढ्दा सरकारको कमाउने क्षमता विस्तार हुने भएकाले सार्वजनिक ऋणलाई पूँजी निर्माणका क्षेत्रमा खर्च गर्ने र विकास आयोजना निर्माणको कामलाई सही ढङ्गले व्यवस्थापन गरिनुपर्ने मैनालीको सुझाव छ।

आर्थिक गतिविधि विस्तार गरेर सरकारको थैली बढाउन सकिनेबारे सोच्नुपर्ने उनले बताए। सरकारको कमाउन सक्ने क्षमता अर्थात् राजस्व कम भएकै कारण घाटा बजेट पूर्ति गर्न सार्वजनिक ऋण लिइने गरिन्छ। त्यस्तै, निजी क्षेत्र र वैदेशिक लगानीकर्तालाई व्यवसाय गर्ने सहज वातावरण तयार गरेर पूँजी निर्माणका क्षेत्रमा लगानी गर्न सके अर्थतन्त्रको आकार पनि बढ्ने मैनाली बताउँछन्।

चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले यो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता सार्वजनिक गरेको थियो। बजेट वक्तव्यको बुँदा नम्बर ४४ मा सरकारको खर्च गर्ने क्षमता वृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, आन्तरिक ऋणको रकम विकास कार्यमा खर्च गर्ने र सार्वजनिक ऋणको दिगोपन विश्लेषण गरी प्रतिफल आउने क्षेत्रमा परिचालन गरिने उल्लेख छ। सार्वजनिक ऋणमार्फत हुने खर्चको सही व्यवस्थापन र उपयोग गर्ने सरकारी नीति रहे पनि त्यसको प्रभावकारितामा भने गम्भीर प्रश्न देखिएको छ।

**जिडिपीको तुलनामा सार्वजनिक ऋण ४४ प्रतिशत**

अरू विकसित देशहरूले आफ्नो मुलुकको कुल गार्हस्थ्य उत्पादनको तुलनामा शतप्रतिशतभन्दा बढी पनि सार्वजनिक ऋण लिने गरेका छन्। आधारभूत मूल्यका आधारमा अहिले नेपालको जिडिपीको आकार रु ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर मान्दा जिडिपी अनुपातमा सार्वजनिक ऋण ४४ दशमलव ३१ प्रतिशत पुगिसकेको छ। जिडिपीको तुलनामा सार्वजनिक ऋणको आकार बढ्दै जानुलाई समस्या मान्नेभन्दा पनि त्यसको व्यवस्थापन र ऋणले अर्थतन्त्रको आकार बढाउन गरेको योगदानलाई विश्लेषण गरिनुपर्ने पूर्वमहालेखा नियन्त्रक मैनाली बताउँछन्।

आव २०७५/७६ मा सार्वजनिक ऋणको आकार जिडिपीको तुलनामा ३० दशमलव २६ प्रतिशत बराबर थियो। यो अनुपात बर्सेनि बढेर आव २०७६/७७ मा ३८ दशमलव ०५, आव २०७७/७८ मा ४० दशमलव ७३ प्रतिशत, आव २०७८/७९ मा ४१ दशमलव ५० प्रतिशत र गत आव २०७९/८० सम्ममा पुग्दा ४२ दशमलव ७३ प्रतिशत पुगेको देखिन्छ।

**गत वर्ष पनि विकास बजेट हाराहारीमैं खर्च**


गत आव २०७९/८० मा सरकारी ऋणको साँवाब्याज तिर्न रु दुई खर्ब २२ अर्ब ७४ करोड २१ लाख बराबर खर्च गरेको थियो। गत आवको पूँजीगत खर्च सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भएको खर्चकै हाराहारीमा देखिन्छ।

गत आवका लागि सरकारले पूँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर विनियोजन गरेकामा रु दुई खर्ब ३३ अर्ब ६९ करोड ५९ लाख बराबर खर्च भएको थियो। अधिकांश बाह्य ऋण लामो समयावधिको हुने भएकाले नै साँवाको दायित्व तिर्नुपर्ने अवस्था छैन। तर आन्तरिक ऋण छोटो समयावधिको हुने भएकाले साँवा र ब्याजको दायित्व चाँडै तिर्नुपर्ने हुन्छ।

# रामसीताको विशाल मूर्ति

महोत्तरी, ८ माघ/रासस

आफ्ना नगरवासीलाई अयोध्याको झलक दिन मटिहानी नगरपालिकाले काठबाट २५ फिट अग्लो श्रीराम र सीताको मूर्ति बनाएको छ।




अयोध्याको नवनिर्मित राममन्दिरमा बालस्वरूप श्रीरामको प्रतिमा स्थापित गरेर आज हुने प्राणप्रतिष्ठा कार्यक्रमकै अनुसरण गर्दै उक्त नगरपालिकाले २५ फिट अग्लो काठको मूर्ति (प्रतिमा) तयार गरेको हो। निर्मित प्रतिमा महोत्तरी जिल्लाको मटिहानी-७ स्थित श्री लक्ष्मीनारायण मठ परिसरमा स्थापित गरिँदैछ। लक्ष्मीनारायण मठ मुलुकका सबै मठको नायक मानिन्छ।

श्रीरामको बालरूप प्रतिमा आज अयोध्यामा निर्मित राममन्दिरमा प्राणप्रतिष्ठा गरिने कार्यक्रमको झलक दिनेगरी श्री लक्ष्मीनारायण मठमा उक्त प्रतिमा स्थापित गरेर प्राणप्रतिष्ठा गर्न लागिएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए।

"स्थापित परम्परा अनुसार धार्मिक विधिका साथ मठमा श्रीराम र जानकीको प्रतिमा स्थापित गरेर आजै प्राणप्रतिष्ठा गरी पूजाअर्चना थालिनेछ," नगरप्रमुख मण्डलले भने, "रामलीला (श्रीरामको बालस्वरूप)को प्रतिमा अयोध्यामा प्राणप्रतिष्ठा गरिने कार्यक्रम सँगसँगै हामी यहाँको प्रतिमा स्थापनाको काम सक्छौं।"

अहिले जताततै बन्दै गएको श्रीराममय परिवेशको साक्षात् अनुभूति नगरवासीलाई गराउन प्रतिमा बनाएर स्थापित गर्न लागिएको उनको भनाइ थियो।

प्रतिमा स्थापित र प्राणप्रतिष्ठाको कार्यक्रमसँगै जोडेर बिहान पवित्र लक्ष्मीसागरमा आरती भएको छ। लक्ष्मीसागर तलाउअघि त्रेतायुगमा श्रीराम र सीताको विवाहमा यज्ञ वेदी बनाउन माटो खनिएको पवित्रस्थल मानिन्छ। आज साँझ लक्ष्मीनारायण मठमा महाआरती र सांस्कृतिक उत्सवका कार्यक्रम आयोजना गरिँदैछ। यो धार्मिक समारोहको तयारीमा मटिहानीस्थित लक्ष्मीनारायण मठ परिसर, लक्ष्मीसागर र वरपर दुलहीझैं सिङ्गारिएका छन्। शिल्पकार राजु लालले १५ दिन लगाएर उक्त प्रतिमा बनाएका हुन्। प्रतिमा बनाउन काठका २० वटा प्लाई (फलेक) प्रयोग भएको उनले बताए।

आइतवार जलेश्वर, मटिहानी र मनराशिशवा नगरपालिकाले आआफ्ना नगरक्षेत्रमा नगर शोभायात्रा गरेका र आज जलेश्वरस्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा विशेष पूजाअर्चनाका कार्यक्रम भएको छ। श्रीरामलीलाको प्रतिमा प्राणप्रतिष्ठाको उत्सव मनाउन मनराशिशवा नगरपालिकाले आज सार्वजनिक बिदा दिएको छ।

# राष्ट्रियसभा निर्वाचन : आज रातिदेखि प्रचारप्रसार निषेध

काठमाडौं, ८ माघ/रासस

निर्वाचन आयोगले राष्ट्रियसभाको १९ सदस्यका लागि यही फागुन ११ गते हुने निर्वाचन अन्तर्गत सोमवार राति १२ बजेपछि मतदान कार्य समाप्त नहुन्जेलसम्म प्रचारप्रसार निषेधको अवधि कायम गरेको छ।

प्रचारप्रसार कार्य गर्न रोक लगाइएको अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलका भ्रातृ सङ्गठन तथा आचारसंहिता पालना गर्नुपर्ने अन्य व्यक्ति, संस्था वा निकायले निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभासम्मेलन, कार्यशाला गोष्ठी आदि गर्नुहुँदैन।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले उक्त अवधिमा कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न वा गराउन नहुने भएकाले सोबमोजिम आचरण पालना गर्न गराउन अनुरोध गरेका छन्।

राष्ट्रियसभाका १९ सदस्यको पद आगामी फागुन २१ गतेदेखि सकिँदैछ। कार्यकाल सकिनु एक महीनाअघि निर्वाचन गरिनुपर्ने कानूनी व्यवस्था छ।



**शीतलहरमा आगोको न्यानोः** तीन सातादेखि अत्यधिक चीसोसँगै शीतलहरको कारण कठ्याङ्ग्रिदो जाडो छ। निजगढ नगरपालिकाको राजमार्गछेउमा सार्वजनिकरूपमा आगो ताप्न पाऊन् भन्ने उद्देश्यले सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन सुरक्षा बेस निजगढले दुई दर्जनभन्दा बढी सार्वजनिक स्थानमा दाउरा वितरण गरी आगो बाल्ने गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक दिनेश शर्माले बताए। सर्वसाधारण, चालक, यात्रीहरूले आगो तापेर राहत पाएका छन्। तस्वीरः जीतलाल श्रेष्ठ

# पेट्रोल अन्वेषण मुख्य प्वाइन्टको ८० प्रतिशत काम सकियो

दैलेख, ८ माघ/रासस

दैलेखको पेट्रोलियम पदार्थ अन्वेषणका लागि सरकारले तदारूकता देखाएको छ। अहिले निर्णायक सर्वेक्षणका लागि जिल्लाको भीरखेतमा मुख्य प्वाइन्टको ८० प्रतिशत काम सम्पन्न भइसकेको छ।

यहाँको भूभागमा कति मात्रामा पेट्रोलियम पदार्थ र ग्याँस छ भनेर अन्तिम अन्वेषणका लागि भैरवी गाउँपालिका-१ भीरखेतमा ४५ रोपनी जग्गा अधिग्रहण गरी स्थानीयवासीलाई मुआवजा वितरण गरिएको छ। अहिले उक्त क्षेत्रमा रिग हाउस अर्थात् ड्रिल गर्ने मुख्य प्वाइन्ट निर्माणको ८० प्रतिशत काम सकिएको खानी तथा भूगर्भ विभागका आयोजना प्रमुख दिनेशकुमार नापितले जानकारी दिए। उनका अनुसार कामदार बस्ने क्याम्पलगायतका काम तीव्र गतिमा भइरहेका छन्।

नेपालको दैलेखमा रहेको भूभाग पेट्रोल र ग्याँसको स्रोतका रूपमा विश्वकै महत्त्वपूर्ण स्थान हुन सक्ने अहिलेसम्मका अध्ययनले देखाएको प्रमुख नापितले जानकारी दिए। अन्तिम ड्रिलिङबाट के कति परिमाणमा ग्याँस र पेट्रोल छ भनेर पत्ता लाग्ने जनाउँदै यसले देशकै आर्थिक अवस्था सुधार गर्ने महत्त्वपूर्ण स्रोत प्राप्त हुनेमा आशावादी भएको उनले बताए।

नापितका अनुसार जमीनमुनि चार किलोमिटर ड्रिल गरेर अध्ययन गरिने छ। "ड्रिलिङका लागि ठूलो मेशीन चीनबाट मगाइएको छ। त्यहाँबाट कोलकाता बन्दरगाहसम्म आउन एक महीना लाग्छ। कोलकाताबाट १५ दिनभित्र दैलेख आइपुग्छ," उनले भने।

ठूला सवारीसाधन ल्याउनका लागि कर्णाली राजमार्ग र साँगेतडाको सडक निर्माण पनि तीव्र गतिमा भइरहेको आयोजना कार्यालयले जनाएको छ।

दैलेखमा विसं २०७६ असोजदेखि पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननको काम शुरू भएको थियो। नेपाल सरकार, खानी तथा भूगर्भ विभाग र चीनको जिओलोजिकल सर्वे कम्पनीबीच रु दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो। चीनको प्राविधिक टोलीले सेस्मिक, जियोलोजिकल, म्याग्नेटटेल्युरिक र जिओ केमिकल सर्भे सम्पन्न गरेपछि अन्वेषणका लागि थप बाटो खुलेको थियो।

दैलेखका विभिन्न स्थानमा पेट्रोलियम पदार्थ अन्वेषणका लागि आवश्यक जग्गाको मुआवजा विवाद रहेकामा सोको समाधान गरिएको प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए। भुसालको अगुवाइमा सबै पक्षसँग समन्वय गरेर समस्या समाधान गरिएको थियो।

जिल्लामा रहेको पेट्रोलियम पदार्थ अन्वेषणका लागि सरकारले भैरवी-१ भीरखेतका २७ घरपरिवारको ४५ रोपनी जग्गाका लागि प्रतिरोपनी रु एक लाख ७५ हजारका दरले मुआवजा दिएर अधिग्रहण गरिसकेको छ।

# फूलैफूलको शहर धरान

सङ्गीता राई
धरान, ८ माघ/रासस

केही वर्ष अघिसम्म लाहुरेको शहर भनेर चिनिने धरान अहिले फूलैफूलको शहरका रूपमा परिचित हुन थालेको छ। लाहुरे समुदायको बाक्लो बस्ती रहेको धरानमा घरघरमा फूलको बगैंचा भेटिन्छ। विशेषगरी लाहुरे समुदायका घरका गेट, बगैंचा मात्र होइन, छत र कोठा पनि फूलैफूलले सजाइएका पाइन्छन्।

धरानवासीको फूल र बिरुवाप्रतिको लगावका कारण कसैले यसलाई बगैंचाको शहर पनि भन्ने गरेका छन्। धरानमा घरसँगै अलिकति खाली ठाउँ छाडेर फूल र बोटबिरुवा रोप्ने चलन नै छ। अहिले त सडकको छेउछाउ र खोलाको किनारमा पनि फूल रोप्ने अभियान सञ्चालन भएको छ। धरानका नगर प्रमुख हर्कराज राईले सञ्चालन गरेको श्रमदान अभियानमार्फत सर्दु खोलाको बगर र डाँडाकाँडामा हजारौं बोटबिरुवा रोपिएका छन्।

धरानमा त्यस्तो घर छैन, जहाँ कुनै फूल वा बिरुवा नहोस्। यहाँका सुकुम्बासी बस्तीदेखि लाहुरे बस्तीसम्म फूलैफूल भेटिन्छ। फरक यति हो, आफ्नो क्षमता अनुसार कसैले दुई चार बोट रोपेका छन्, त कसैले बगैंचा नै बनाएका छन्। कतिपय त फूललाई सौखका रूपमा रोप्दारोप्दै व्यवसायी बनेर राम्रो आम्दानी पनि गरिरहेका छन्।

सामाजिक अभियन्ताका रूपमा परिचित धरान उपमहानगरपालिका–११ की शिवमाया बान्तवाको घर फूल र बोटबिरुवाले ढाकिएको छ। कतै बगानबेली, कतै लालुपाते त कतै विभिन्न रङ्गीचङ्गी फूल रोपेकी शिवमायाले घरभित्र पनि उसैगरी इनडोर प्लान्ट सजाएकी छन्। सौखले फूल र बिरुवा रोप्न थालेकी उनी ती फूलहरूलाई आफ्नो सन्तानझैं स्याहार्छिन्।

शिवमायाले फूल र बिरूवालाई यति धेरै माया गर्नुको बेग्लै कथा छ। १७ वर्ष काम गरेको गोरखा सहकारीको जागीर चटक्क छाड्दा उनमा के गरौं, कसो गरौं भयो। डिप्रेशनमा जाने अवस्था भएपछि उनी आफ्नै घरमा फूल र बिरूवासँग रमाउन थालिन्। "फूलहरूको स्याहार गर्दागर्दै तिनीहरूको माया लाग्न थाल्यो। बजार जाँदा होस् या साथीको घर जाँदा फूल र बिरूवामैं आँखा पर्न थाले"–उनी भन्छिन्–"फूलकै कारण डिप्रेशन हुन पाएन, उनीहरू मेरा साथी जस्ता भए। अहिले यिनीहरूसँग छुट्नै नसक्ने भएकी छु।"

शुरूमा सोखका रूपमा फूल रोपेकी शिवमायाले मन परेका फूल र बिरूवा जम्मा गर्दागर्दै घर भरियो। बिरूवा बनाएर छिमेकी र चिनेजानेका धेरैलाई बाँडिन पनि। तर आफूले सित्तैमा बाँडेका फूलको स्याहार नभएको देखेर उनको मन दुख्यो। उनी भन्छिन्–"मैले बाँडेका फूल हेर्न जाँदा त कोही मरिसकेका, कोही त्यतिकै फचाँकेको देखें। मान्छेले पैसा परेको चीजलाई मात्र महत्त्व दिंदा रहेछन् भन्ने सोच आयो। त्यसपछि सित्तैमा बाँड्न छाडें। फूल माग्नेसँग पैसा लिन


तस्वीरः रासस

थालें।'

फूल बेचेको पैसालाई उनले फूल र बिरूवामैं लगानी गर्दै गइन्। यसो गर्दागर्दै उनी फूलको सौखिनबाट व्यवसायी बनिन्। २०७२ सालबाट त उनले फूलसँगै ड्रागन फ्रुटका बिरूवा बेच्न थालिन्। कोरोना महामारीपछिको बन्दाबन्दीका बेला मात्र १५ लाख रुपियाँको बिरूवा बेचेको उनी बताउँछिन्। शिवमायाले पाँच वर्ष यता त 'फ्लावर जोन एन्ड पट हाउस' नामको नर्सरी नै खोलेर फूलको व्यवसाय गरिरहेकी छन्। उनी भन्छिन्–"पहिले सौखका रूपमा रोपेका फूलले अहिले राम्रो आम्दानी भएको छ। नर्सरीमा आएर मात्र होइन, फेसबूकलगायत सामाजिक सञ्जालबाट पनि बिक्री गरिरहेकी छु। धेरै धरानेलीहरू म जस्तै फूलका सौखिन छन्।"

धरानका युवा चित्रकार युमेनहाङ राई पनि पहिलेदेखि नै फूलका सौखिन थिए। फूल सङ्कलन गर्दागर्दै अहिले उनले पनि अहिले धरान–२० मा एभरेष्ट नर्सरी खोलेका छन्। कोरोना महामारीले धेरैको व्यापार–व्यवसाय चौपट भएका बेला उनले चाहिं आफूले सङ्कलन गरेका फूलहरूलाई नर्सरीको रूप दिए। अहिले उनको नर्सरीमा सय रुपियाँदेखि ७० हजार रुपियाँसम्म मूल्यका फूल तथा बिरूवा किन्न पाइन्छ। उनी भन्छन्–"धरानमा घरघरमैं फूलको बगैंचा छ भन्दा हुन्छ। यो बगैंचाको शहर हो।"

धरानमा सौखले फूल रोप्ने त धेरै झन्, सौखबाटै व्यवसायी बन्नेहरूको सङ्ख्या पनि बढिरहेको छ। धरान–१९ का विश्व लिम्बू अफ्रिकी सजावटका फूल सङ्कलन गर्दागर्दै व्यवसायी बने। छ वर्षदेखि क्यानल अफ्रिकन भेटिलेट नर्सरी सञ्चालन गरिरहेका उनी विदेशबाट पनि सजावटका बिरूवाहरू मगाउने र आफैं पनि उत्पादन गरेर बिक्री गरिरहेको बताउँछन्। धरान–८ का गौरव लिम्बूले पनि भर्खरै वनेम नर्सरी खोलेका छन्।

धरान उपमहानगरपालिकाको लगानीमा भानुचोकदेखि छाताचोकसम्मको मुख्य सडकको दायाँबाँया फलामको रेलिङमा गमला राखेर फूल रोपिएका छन्। यसले पनि धरानको सुन्दरता बढाएको छ।

धरानवासीको फूलसँगको सामीप्यकै कारण धरानलाई फूलको शहर, बगैंचाको शहर भनेर चिन्ने गरिन्छ। माथि विजयपुर डाँडाबाट हेर्दा धरान बगैंचाभित्र घरैघर भएको शहरजस्तो देखिन्छ।

धरानवासीको फूलप्रतिको उत्साह देखेर धरान उपमहानगरपालिकाले एक दशक अघि नै धरानलाई फूलैफूलको शहर बनाउने अभियान चलाएको थियो। नागरिकलाई फूलप्रति आकर्षित मात्र होइन, व्यावसायिक पनि बनाउने उद्देश्यले उपमहानगरपालिकाको सहयोगमा छलफल, अन्तर्क्रिया पनि चलाइएको थियो।

उपमहानगरपालिकाका पूर्व सामाजिक विकास अधिकृत सुनील नेपाल घरमा राम्रोसँग फूलको सजावट गर्नेलाई पुरस्कृत गर्ने गरिएपछि नागरिकले फूललाई अझ व्यवस्थितरूपमा रोप्न र व्यावसायिक बन्न थालेको बताउँछन्। उनी भन्छन्–"फूलबाट औषधीहरू पनि बन्छन्, सबैतिर फाइदैफाइदा छ, त्यसैले धरानलाई फूलैफूलको शहरका रूपमा विकास गर्ने योजना ल्याइएको थियो।"

धरानका नगरप्रमुख हर्कराज राईले पनि धरानलाई फूलैफूलको शहर बनाउने भन्दै वृक्षारोपण अभियानलाई निरन्तरता दिइरहेका छन्। उनी भन्छन्–"यसपटक हामीले सडकको छेउ र खोलाका किनारमा रोपेका फूल धमाधम फुलिरहेका छन्। यसले पर्यटक पनि आकर्षित गर्छ। फूल र बोटबिरूवा धरानको चिनारी बनाउने अभियान छ हाम्रो।"

### करोडौंको कारोबार

धरानमा व्यावसायिकरूपमा फूल र बिरूवा बेच्ने नर्सरी दुई दर्जन हाराहारी छन्। त्यसबाहेक अनलाइनमार्फत फूल बेच्नेहरूको सङ्ख्या पनि ठूलै छ। नर्सरीहरूको कारोबार मात्र हिसाब गर्दा पनि वार्षिक तीन करोड रुपियाँभन्दा बढीको फूल बिक्री हुने गरेको व्यवसायीहरूको भनाइ छ।

बुढासुब्बा नर्सरीका सञ्चालक प्रेमप्रसाद पराजुली पूर्वमा सबैभन्दा बढी धरानमैं फूल बिक्री हुने बताउँछन्। उनी भन्छन्–"धरानका पाँच–छवटा नर्सरीले दिनमा ३० हजार हाराहारीको फूल बेच्छन्, अरूले पनि दिनमा कम्तिमा पाँचदेखि आठ हजार रुपियाँको बेच्छन्। घरघरबाटै र अनलाइनबाट बेच्नेको हिसाबै छैन।"

धरानका क्यामेलिया, एन्जिला, पवित्रजस्ता पुराना नर्सरीले फूलको राम्रो कारोबार गरिरहेका छन्। पवित्र नर्सरीकी सञ्चालिका प्रमिला राई १६ वर्षदेखि नर्सरीबाटै परिवार धानिरहेको बताउँछिन्। धरानका नर्सरीहरू आफू मात्र आत्मनिर्भर छैनन्, धेरैलाई रोजगारसमेत दिएका छन्। कतिपयले आफ्नै परिवार मिलेर फूलको व्यवसाय सञ्चालन गरिरहेका छन् भने धेरैले पाँच सातदेखि २५ जनासम्मलाई रोजगार पनि दिएका छन्।

### व्यवसायीको गुनासो

फूल र बोटबिरूवा रोप्दा एकातिर वातावरणका लागि फाइदा छ भने अर्कातिर व्यावसायिकरूपमा पनि यो व्यवसाय राम्रो बनिरहेको छ। तर, यसमा लागेका व्यवसायीहरू बाहिरबाट फूल ल्याएर बिक्री गर्न झन्झटिलो प्रक्रियाका कारण समस्या भएको बताउँछन्। व्यवसायी युमेनहाङ राई नर्सरीहरूलाई व्यवसायमा दर्ता गर्नुपर्ने प्रावधानले पनि समस्या भएको बताउँछन्। यसलाई कृषि उत्पादनका रूपमा सरकारले सहयोग गर्नुपर्ने उनको धारणा छ। फूल र बिरूवा उत्पादकहरूलाई सरकारी सहयोग पाउन पनि अप्ठ्यारो मापदण्डका कारण कठिनाइ भएको उनको भनाइ छ।

फूल व्यवसायी शिवमाया बान्तवा पनि फूलको खेती र व्यवसाय गर्ने भन्दा राजनीतिक प्रभाव राख्न सक्नेले अनुदान पाउने गरेको तर वास्तविक फूल व्यवसायी मारमा परेको बताउँछिन्। सरकारी निकायले वास्तविक फूल किसान र व्यवसायीलाई सहयोग गर्नुपर्ने उनको धारणा छ। अर्का व्यवसायी प्रेमप्रसाद पराजुली फूलबाट सबैलाई फाइदैफाइदा देख्छन्। उनी भन्छन्–"फूलखेती र व्यवसायले शहर पनि सुन्दर देखिन्छ, व्यापार पनि राम्रो हुन्छ। यसलाई सरकारले प्रोत्साहन गर्ने हो भने पर्यटनको विकासमा पनि ठूलो योगदान पुग्न सक्छ।"



**सवा लाख दीप प्रज्वलनको तयारी:** जनकपुरधामस्थित रामजानकी मन्दिरमा सवा लाख दीप प्रज्वलनको तयारी गरिंदै। भारतको अयोध्यामा हुन लागेको राममन्दिरको प्राणप्रतिष्ठाका अवसरमा जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन तयारी गरिंदैछ। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

## फरक समाचार

# पानीविना यसरी सफा गरौं कम्बल/सिरक

चीसोको मौसममा कपडा सुकाउन निकै गाऱ्हो हुन्छ। किनभने चीसोमा घाम राम्ररी लाग्दैन। भिजेको कपडालाई पङ्खा वा वाशिङ मेशीनको सहारामा सुकाउनुपर्छ, कपडा जसोतसो सुक्छ तर गऱ्हुँगो कम्बल र सिरक फोहोर भयो भने के गर्ने ? यसको पनि तरीका छ, पानीविना कम्बल, सिरक धुने र घामविना सुकाउने।



**पहिलो तरीका**ः कम्बल, सिरकलाई भुइँमा राम्ररी पसार्नुस्। त्यसमाथि बेकिङ सोडा छर्कनुस्। आधा घण्टापछि ब्रसको मदतले कम्बल र सिरकलाई झारेर सफा गर्नुस्। यस्तो गर्दा कम्बल, सिरकमा रहेका ब्याक्टेरिया सजिलै सफा हुन्छ।


**दोस्रो सजिलो तरीका**ः एउटा भाँडामा भिनेगर, बेकिङ सोडा र पानी मिसाएर मिश्रण तयार बनाउनुस् र यसलाई कम्बल–सिरकमा छर्किनुस्। कुनै तौलियाले कम्बल–सिरकलाई राम्ररी रगडेर पुछ्नुहोस्। त्यसपछि हावामा पसार्नुस्, यस्तो गर्दा कम्बल र सिरक सफा हुनुको साथसाथै दुर्गन्ध पनि हराउँछ।

**तेस्रो तरीका**ः जब कम्बल र सिरकबाट दुर्गन्ध आउन थाल्छ, एउटा बोतलमा गुलाबजल र भिनेगर मिसाएर त्यो मिश्रण कम्बल तथा सिरकमा छर्कनुस्। आधा घण्टापछि कम्बललाई फैलाएर हावामा राख्नुस्। दुर्गन्ध गायब हुन्छ।

# फोनको स्टोरेज खाली भइरहेको छैन

आजभोलि स्मार्टफोन हाम्रो जीवनको अभिन्न अङ्ग बनिसकेको छ। स्मार्टफोनको मदतले कसैसँग पनि कुराकानी गर्न सक्छौं, मनोरञ्जन गर्न सक्छौं, आवश्यक काम गर्छौं। कसैलाई भुक्तानी, लेनदेन गर्छौं।

मोबाइलमा विभिन्न प्रकारको फाइल्स, एप डाउनलोड गर्छौं। फोटो, भिडियोहरू खिच्छौं। जसले गर्दा मोबाइलको स्टोरेज फुल हुन्छ।



**नचाहिंदो फाइल्स र एप्स**ः थुप्रैपटक हामी मोबाइल फोनमा यस्ता फाइल र एप्स डाउनलोड गर्छौं जसको हामीलाई आवश्यकता नै पर्दैन। यस्ता एप्स र फाइल्सलाई डिलिट गर्दा पनि मोबाइल फोनमा खाली स्थान बन्छ।

**क्याच फाइल**ः जब हामी कुनै गेम वा एप चलाउँछौं तब त्यस एप/गेमको क्याच फाइल फोनको स्टोरेजमा जम्मा हुन्छ। त्यसपछि हामी त्यो गेम, एपलाई धेरै दिनसम्म प्रयोग गर्दैनौं तर पनि त्यसको क्याच फाइल मोबाइलमा रहिरहन्छ र स्टोरेजमा धेरै ठाउँ ओगटिरहन्छ। यस्ता क्याच फाइललाई डिलिट गरेर पनि मोबाइलको स्टोरेज खाली गर्न सकिन्छ।

यी उपायबाट पनि मोबाइलको स्टोरेज खाली भइरहेको छैन भने केही अन्य उपाय गर्न सकिन्छ। जस्तै फाइल म्यानेजरको प्रयोग गर्ने– मोबाइलमा फाइल म्यानेजरको प्रयोग गरेर नचाहिंदो फाइल र एप्स खोजेर डिलिट गर्न सक्छौं। त्यस्तै मोबाइलको सेटिङमा गएर एप्सको क्याच फाइललाई पनि डिलिट गरेर फोनको स्टोरेजमा ठाउँ बनाउन सक्छौ।

**क्लाउड स्टोरेजको प्रयोग गरौं**– फोनको स्टोरेज खाली गर्नुभन्दा अघि क्लाउड स्टोरेज पनि प्रयोग गर्न सकिन्छ। फोटो भिडियो र अन्य आवश्यक डाटा क्लाउड स्टोरेजमा अपलोड गरी मोबाइल फोनको स्टोरेज खाली गर्न सकिन्छ। क्लाउड स्टोरेजमा भण्डारण गरिएको फाइल फोटो जुनसुकै बेला पनि आफ्नो पहुँच बनाउन सक्नुहुन्छ।

यति गर्दा पनि फोनको स्टोरेज खाली भइरहेको छैन भने मोबाइललाई फ्याक्ट्री रिसेट गर्न सक्नुहुन्छ। तर ध्यान राख्नुहोला फ्याक्ट्री रिसेट गरेपछि तपाईंको फोनमा रहेका सम्पूर्ण डाटा डिलिट हुन्छ।

# के हो शीत असहिष्णुता

जाडोको मौसममा थुप्रै प्रकारको रोग र सङ्क्रमण बढ्ने गर्छ। चीसो मौसममा एउटा रोगको नाम तपाईंले सुन्नु नै भएको छैन होला, त्यो हो– शीत असहिष्णुता। चिकित्सकका अनुसार यदि कुनै व्यक्तिलाई निकै चीसो लाग्छ र ऊ चीसोप्रति निकै संवेदनशील छ भने यस स्थितिलाई शीत असहिष्णुता भन्न सकिन्छ। जाडो मौसममा मात्र होइन, यस्ता व्यक्तिलाई जुनसुकै बेला फ्रिज, एयर कन्डिशनरको हावा नजीक बस्दा पनि चीसो लाग्छ र कहिलेकाहीं चीसो सहन सक्दैन र चीसोसम्बन्धी अनेक समस्या हुन थाल्छ।



**शीत असहिष्णुताको समस्या कुन बेला उत्पन्न हुन्छ**ः विशेषज्ञका अनुसार हाम्रो शरीरको तापमान विभिन्न प्रणालीद्वारा नियन्त्रित हुन्छ। मस्तिष्कमा मौजूद हाइपोथेलेमसले शरीरको तापमान नियन्त्रित गर्नको लागि थर्मोस्टेटसरह काम गर्दछ। यसले मस्तिष्कलाई सन्देश पठाउँछ। जसको मदतबाट शरीरमा गर्मी वा चीसोको उत्पादनलाई नियन्त्रित गर्न मदत मिल्छ।

**कसरी जोगिने**ः जो व्यक्तिलाई बढी चीसो लाग्छ उसले हरेक बेला न्यानो कपडा लगाइरहनुपर्छ। यसको अलावा भित्रबाट पूरै शरीरलाई तातो कपडाले ढाक्ने र त्यसमाथि नियमित लगाउने कपडा पहिरिने। यदि तपाईंको छाला निकै संवेदनशील छ भने कोमल ऊनको कपडा प्रयोग गर्नुपर्छ। यस्ता व्यक्ति चीसो सहन नसक्दा छालाभरि राता–राता डामहरू आउने गर्छ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चन्द्रमामा ल्यान्डरको ब्याट्री रिचार्ज गर्न सकिने जाक्साको भनाइ

टोकियो, ८ माघ/एएफपी

जापानी चन्द्रयानमा रहेको सौर्य प्रणालीमा आएको समस्या समाधानको सम्भावना बढेको 'जापान एरोस्पेस एक्सप्लोरेशन एजेन्सी (जाक्सा)'ले सोमवार जनाएको छ।


तस्वीरः एजेन्सी

जाक्साले भनेको छ, "टेलिमेट्री डाटा अनुसार स्लिमका सौर्य कोषहरू पश्चिम दिशामा छन् र सूर्यको प्रकाश यान रहेको ठाउँमा परेपछि सौर्य प्रणालीले काम गर्ने अपेक्षा गरिएको छ।"

जापानी चन्द्रयानमा रहेको सौर्य प्रणालीमा समस्या आएका कारण जापानले 'मून स्नीपर' चन्द्रमामा अवतरण गरेको करीब तीन घण्टापछि मून ल्यान्डरलाई बन्द गरेको थियो।

जापानको अन्तरिक्ष यानको मिशनलाई 'मून स्नीपर' नाम दिइएको छ। यसको सटीक अवतरण क्षमताले जापानलाई चन्द्रमामा सफलतापूर्वक पुग्ने पाँचौं देश बनाएको हो।

मध्यरातमा अवतरणपछिको २० मिनेटको अन्तरालमा जाक्साले यानको सोलार ब्याट्रीले विद्युत् उत्पादन नगरेको बताइएको थियो।

जाक्साले भनेको छ, "हामीले चन्द्रमाको सतहमा अवतरणका क्रममा प्राप्त प्राविधिक र तस्वीरको सङ्कलन प्रसारण शक्ति बन्द हुनुभन्दा पहिले पूरा गर्न सफल भइसकेका छौं।"

"धेरै तथ्याङ्क प्राप्त भएको पुष्टि भएपछि हामी राहत महसूस गरिरहेका छौं र उत्साहित हुन थालेका छौं," जाक्साले भनेको छ।

जाक्साले यस मिसनको नतीजा र स्लिम क्राफ्टको स्थितिको बारेमा यसै हप्ता थप घोषणा गर्ने तयारी भइरहेको बताएको छ।

"अवतरणपछिको मुद्दा योजना अनुसार भएन, तर हामी धेरै परिणाम प्राप्त गर्न सक्षम हुन सक्छौं र हामी खुशी छौं कि अवतरण सफल भयो।"

चन्द्रमामा पहिलोपटक अवतरण गरेको ५० वर्षपछि सरकार र निजी कम्पनीहरूले प्रक्षेपण गरेका थुप्रै नयाँ चन्द्र अभियानहरूमध्ये स्लिम पनि एक हो।

दुर्घटनाग्रस्त अवतरण र सञ्चार विफलताहरू व्याप्त छन्। यसअघि अमेरिका, तत्कालीन सोभियत सङ्घ, चीन र भारत चन्द्रमामा पुगेका छन्। रासस

# गायत्री शक्तिपीठमा पाँच कुण्डीय महायज्ञ

नितेश कर्ण, वीरगंज, ८ माघ/

वीरगंज महानगरपालिका–१ स्थित वेदमाता गायत्री शक्तिपीठमा पाँच कुण्डीय महायज्ञ सम्पन्न भएको छ।

अयोध्यामा रामललाको प्रतिमा प्राणप्रतिष्ठा भएको अवसरमा गायत्री शक्तिपीठमा पाँच कुण्डीय महायज्ञ आयोजना गरिएको हो। भारतको देवसंस्कृत विश्वविद्यालय शान्तिकुञ्ज, हरिद्वारबाट इन्टर्नशिप गर्न आएका विद्यार्थीहरू भाष्कर साह, श्रुति कश्यप, सेफाली सिंहले आज गायत्री शक्तिपीठ वीरगंजमा महायज्ञ गरेको वेदमाता गायत्री शक्तिपीठका महासचिव छोटेलाल प्रसादले बताए।


तस्वीरः प्रतीक

एक महीने इन्टर्नशिपका लागि आएका विद्यार्थीहरूले विभिन्न स्थानमा दीप/यज्ञ गराएको बताए।

गाउँगाउँमा पुगेर विद्यार्थीहरूले नशामुक्त अभियान, दाइजोप्रथा उन्मूलन, विद्यालयहरूमा योग, जीवनयापनको तरीकालगायतका विषयमा जनचेतनामूलक कार्यक्रम गर्दै आएको गायत्री शक्तिपीठका महासचिव छोटेलाल प्रसादले बताएका छन्।

**अयोध्यामा ...**

मासु, मदिरा बिक्री वितरण नगर्न सबैमा अपील गरेको छ। त्यसैगरी, घरघरमा दीप बालेर खुशियाली मनाउन नगरप्रमुख मनोज साहले सबैलाई आग्रह गरेका छन्।

आज सार्वजनिक बिदा दिन माग गर्दै जानकी मन्दिरका उत्तराधिकारी रामरोशन दासले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई ज्ञापनपत्र बुझाएका थिए। सो ज्ञापनपत्रमाथि कुनै निर्णय नभएको मुख्यमन्त्रीको कार्यालयले जानकारी दिएको छ।

सयौं वर्ष लामो प्रतीक्षापछि भगवान् रामको मन्दिर निर्माण भएको खुशियालीमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ, शहीदनगर, औरहीलगायत मधेस प्रदेशका दुई दर्जनभन्दा बढी स्थानीय तहले आज सार्वजनिक बिदा दिएका छन्।

# श्रीलङ्काको दक्षिणी क्षेत्रमा गोली चल्दा पाँचजनाको मृत्यु

कोलम्बो, ८ माघ/सिन्हवा

श्रीलङ्काको दक्षिणी प्रान्त बेलियाटामा सोमवार बिहान भएको गोलीकाण्डमा पाँचजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरी प्रवक्ता निहाल थाल्दुवाले दक्षिणी द्रुतमार्गको बेलियाटा इन्टरचेन्ज नजीकै उक्त घटना भएको बताएका छन्। चारजनाको घटनास्थलमै मृत्यु भएको र अर्का एकजनाको अस्पताल लैजाँदै गर्दा मृत्यु भएको प्रवक्ताले जनाकारी दिएका छन्।

उक्त घटना स्थानीय समय अनुसार बिहान ७:४५ बजे भएको थियो। गाडीमा यात्रा गरिरहेको अज्ञात समूहले जीपमा रहेको अर्को समूहमा गोली चलाउँदा सो घटना भएको प्रहरीले जानकारी दिएका छ।

प्रहरीले सो गोली प्रहार सङ्गठित आपराधिक समूहले गरेको हुन सक्ने आशङ्का गरेको छ। श्रीलङ्काले डिसेम्बर १७ देखि लागूऔषध ओसारपसार र सङ्गठित आपराधिक गतिविधि रोक्नको लागि अभियान विशेष शुरू गरेको छ। सो अभियानमा गत हप्तासम्म ४० हजार भन्दा बढी संदिग्ध व्यक्तिहरूलाई पक्राउ गरिएको छ। रासस

# इजरायलद्वारा गाजाको दक्षिणमा आक्रमण
## बन्धक परिवारद्वारा सम्झौताका लागि दबाब

गाजापट्टी, प्यालेस्टिनी क्षेत्र, माघ/एएफपी

इजरायली सेनाले गाजामा युद्धको नयाँ केन्द्रबिन्दु खान युनिसमाथि सोमवार बमवारी गरेको छ। हमासले बन्धक बनाएका व्यक्तिका परिवारले प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई उनीहरूको रिहाइका लागि सम्झौतामा पुग्न आग्रह गरेका छन्।

प्रत्यक्षदर्शीहरूले दक्षिणी गाजाको सबैभन्दा ठूलो शहर खान युनिसमा रातभर घातक आक्रमण भएको र इजरायली सैनिक र हमास लडाकूबीच भीषण भिडन्त भएको बताएका छन्।

गत अक्टोबर ७ मा इस्लामिक आन्दोलनका लडाकूहरूले गरेको आक्रमणमा परी करीब ११४० जनाको मृत्यु भएपछि नेतन्याहुले हमासमाथि 'पूर्ण विजय' हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

हमासका लडाकूले बन्धक बनाएका करीब २५० जनामध्ये १३२ जना अझै पनि गाजामा हमासको नियन्त्रणमा रहेको इजरायलले बताएको छ।

इजरायली सेनाका अनुसार युद्धले व्यापक तनाव बढाउने डर बढेको छ। लेबनानको सीमानजीक उत्तरी इजरायलमा रातारात साइरन बजाइएको छ।

लेबनानमा इजरायली सेना र इरान समर्थित हेजबुल्लाह आन्दोलनकारीबीच दैनिकजसो गोली हानाहान हुने गरेको छ भने दक्षिणी लेबनानका कैयौं क्षेत्रमा रातारात आक्रमण भएको छ।

इजरायलको यस्तै एउटा आक्रमणमा लेबनानी हेजबुल्लाह समूहका एक लडाकूको मृत्यु भएको हमास सम्बद्ध स्रोतले जनाएको छ।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा पनि हिंसा बढेको छ।

यमनका हुथी विद्रोहीहरूले 'रेड सी' को महत्वपूर्ण व्यापारिक मार्गहरूमा इजरायल–सम्बद्ध जल यातायात मार्गमा आक्रमण गरेका छन्। यसले प्रतिशोधात्मक अमेरिकी र बेलायती आक्रमण निम्त्याएको छ। प्रायः सिरिया र इराकमा आक्रमणहरू इजरायलमा अमेरिकी समर्थनको विरोध गर्दै गरिएको इरान–सम्बद्ध लडाकूहरूले दाबी गरेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – प्रगति | वृश्चिक – यात्राकष्ट |
| धनु – व्यापारवृद्धि | मकर – कडाश्रम |
| कुम्भ – ज्ञानोदय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## पर्सागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेस प्रदेश, नेपाल

## कर्जनिया खोला ठेक्कासम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०८०/१०/०९ गते)

पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ (१) र (२) बमोजिम पर्सागढी नगरपालिकाको मिति २०८०/१०/०९ गतेको निर्णय अनुसार पर्सागढी नगरपालिका वडा नं १ मनवा क्षेत्रभित्र पर्ने कर्जनिया खोलाबाट चालू आव २०८०/८१ को फागुन १३ गतेदेखि २०८१ जेठ मसान्तसम्म ११० दिनको लागि नदीजन्य पदार्थ उत्खनन/सङ्कलन हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल बिक्री गरी आय सङ्कलनका लागि खुल्ला प्रतिस्पर्धाको आधारमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न प्रथमपटक १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूलाई सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिल

| आय ठेक्का नं | विवरण | (ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल) जम्मा घनफिट | न्यूनतम कबोल अङ्क (मूअकरबाहेक) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०२/२०८०/८१ | कर्जनिया खोला | ३९५,३४० घनफिट | रु १९,७६,७००।०० | १०००।०० | |

१. यो सूचना प्रथमपटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा तोकिएबमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फाराम खरीद गर्न सकिनेछ।
२. ठेक्काको दरभाउपत्र फाराम खरीद गरी १६ (सोऱ्हौं) दिन दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्था प्रमाणित हुने कागजातहरू तथा आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशत धरौटी रकम यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखामा रहेको धरौटी खाता नं. ०६३०१००४००००००३ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। (नगद धरौटी जम्मा गर्न पाइनेछैन।)
३. रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरू सोही दिन अर्थात् १६ (सोऱ्हौं) दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
४. दरभाउपत्र फाराम खरीद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सोको भोलिपल्ट दरभाउपत्र फाराम खरीद, दाखिला र खोलिने कार्य हुनेछ।
५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाइ मिनहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन।
६. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ४० प्रतिशतले हुन आउने रकम चलनपुर्जी लिने दिनमा नगदै बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ३० प्रतिशत रकम २०८० चैत मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ताबापत ३० प्रतिशत रकम २०८० वैशाख मसान्तसम्ममा बुझाउनुपर्नेछ। ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ४० प्रतिशत रकम दाखिला गरी बाँकी ६० प्रतिशत रकमको २०८० साउन मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बन्ड पेश गरी सम्झौता गर्नुपर्नेछ।
७. एकमुस्ट कबोल अङ्क बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम अङ्कभन्दा घटी हुनेगरी छुट दिन सकिनेछैन।
८. कबोल अङ्कको १३ प्रतिशत मूअकर र १.५ प्रतिशत अग्रिम आयकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ।
९. ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल बिक्रीमा प्रतिघनफिट रु ५/– (पाँच)का दरले निकासी गर्नुपर्नेछ।
१०. नदीजन्य पदार्थ उत्खनन गर्दा नदीको कुल चौडाइको २५ प्रतिशत दुवै किनारबाट (१०/१० मिटर) छोडी बीचको औसत चौडाइमा तोकिएको गहिराइमा लेभलिङ गरी उत्खनन गर्नुपर्नेछ।
११. नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित हुने हुँदा तोकिएको समय वा परिमाणमध्ये जुन पहिले पुग्न आउँछ, त्यसैको आधारमा सङ्कलन तथा उत्खनन कार्य बन्द गर्नुपर्नेछ।
१२. कारण जनाइ वा नजनाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाई हुनेछैन।
१३. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा निकासीमा एक्साभेटर, डोजर, टिपर जस्ता ठूला उपकरणहरू प्रयोग गर्न पाइनेछैन।
१४. प्रत्येक महीनाको ७ गतेभित्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ओसारपसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टीसमेत अनिवार्यरूपमा यस पर्सागढी नगरपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।
१५. विशेषगरी बालुवा, ढुङ्गा, ग्राभेल आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी र भूबनोट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरी झिक्ने बन्दोबस्त ठेकेदारले मिलाउनुपर्नेछ। वातावरण सन्तुलन वा भूउपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सिमानाभित्रबाट बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेल आदि ठेकेदारले उत्खनन गर्न पाउनेछैन। वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्जसम्बन्धी कानूनको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ।
१६. स्वीकृत कार्यविधि र IEE प्रतिवेदनमा उल्लेख भएका शर्तहरूको पालना ठेकेदारले गर्नुपर्नेछ।
१७. सडकमार्गको हकमा ठेकेदारले पर्सागढी नगरपालिका वडा नं १ मनवा सडकको अतिरिक्त मनवा गाउँदेखि पश्चिम जाने बाटो जयमङ्गलापुर औराहा रेन्ज हुँदै जनता सडकमार्ग प्रयोग गर्नुपर्नेछ। अन्य विस्तृत शर्तहरू सम्झौतामा उल्लेख गरिनेछन्।
१८. विस्तृत जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।



वीरगंजमा राम, सीता, लक्ष्मण र हनुमानसहितको रामकथा झल्किने गरी निकालिएको झाँकी । तस्वीरः राधेश्याम पटेल

# दुर्घटनामा मृत्यु भएका युवकहरूको शव उठाउन परिवारजनले मानेनन्

प्रस, वीरगंज, ८ माघ/

मोटरसाइकल दुर्घटनामा हिजो ज्यान गुमाएका नेशनल मेडिकल कलेजमा अध्ययनरत दुईजना युवकको शव उनीहरूका परिवारले उठाउन नमान्दा नारायणी अस्पतालको शवगृहमा छ ।

हिजो बिहान वीरगंज–१५ भिस्वास्थित जिल्ला आयुर्वेद अस्पतालनजीकै सडकमा मेडिकल कलेजमा अध्ययनरत बारा, हर्दिया निवासी २३ वर्षीय सन्दीप यादव र धनुषाको सबैला निवासी २१ वर्षीय सुमित यादव मृत अवस्थामा फेला परेका थिए । प्रारम्भिक अनुसन्धानमा मोटरसाइकल दुर्घटनामा उनीहरूको मृत्यु भएको प्रहरीले दाबी गरेको छ ।

उनीहरू हिजो बिहान सो ठाउँमा मृत अवस्थामा देखिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले मोटरसाइकलसहित ती दुई युवक मृत फेला परेकोले दुर्घटनाबाट मृत्यु भएको आकलन गरेको छ ।

शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा आइतवार बिहान पठाइएको र शल्यपरीक्षण भएपनि परिवारजनले शव उठाउन मानेका छैनन् । परिवारजनले मेडिकल कलेजमा अध्ययनरत आफ्ना छोराहरू कसरी होस्टेलबाहिर निस्किए, कलेज प्रशासनले यसमा किन लापरवाही गऱ्यो भन्ने कुराको छानबीन हुनुपर्ने र क्षतिपूर्तिसहित दोषीउपर कारबाई हुनुपर्ने माग गरेका छन् ।



सन्दीप यादव सुमित यादव

घटना सम्बन्धमा हिजो प्रहरीले दुवै पक्षलाई सहमतिमा ल्याउने प्रयास गरे पनि सफल भएन । पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले हिजो सहमति भएन, आज रामजानकी मन्दिरमा प्राणप्रतिष्ठालगायत धार्मिक कार्यक्रमका कारण बैठक बसाउन नसकिएको बताए । उनले मङ्गलवार यसबारेमा छलफल हुने र सहमतिको प्रयास गरिने बताएका छन् ।

# कलैयामा आयुर्वेद फार्मेसीको उद्घाटन



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ८ माघ/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रकी प्रमुख मीना दिदीले कलैया, बसपार्कस्थित ऋषिकुल आयुर्वेद फार्मेसीको शाखा उद्घाटन गरेकी छन् ।

कार्यक्रममा उनले आयुर्वेदिक औषधिका फाइदाबारे बताएकी थिइन् ।

फार्मेसीकी सञ्चालिका अञ्जली गुप्ताले फार्मेसीमा सात सयभन्दा बढी रोगको प्राकृतिक पद्धतिबाट उपचार गरिने बताइन् । उनले फार्मेसीमा कोरियाली प्रविधिको एडभान्स थेरापी मेशीनको प्रयोगबाट पनि उपचार गरिने बताइन् ।




## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकूल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## एनआई कपः वीरगंज पब्लिक कलेज विजयी



तस्वीरः सजल श्रेष्ठ

प्रस, वीरगंज, ८ माघ/

नारायणी क्रिकेट मैदान, वीरगंजमा जारी नेशनल इन्फोटेक (एनआई) कप–२०८० अन्तर्गत सोमवार एउटा मात्र खेल सम्पन्न भएको छ ।

आज सम्पन्न खेलमा वीरगंज पब्लिक कलेजले नेशनल एकेडेमीलाई ६९ रनअन्तरले पराजित गऱ्यो । पहिला ब्याटिङ गर्दै वीरगंज पब्लिकले १९.५ ओभरमा सबै विकेट गुमाएर १३९ रन बनाएको थियो । वीरगंज पब्लिकका अफजल अन्सारीले २५, यदुवंशी बैठाले २३ र सक्षम खड्काले १९ रन बनाएका थिए ।

नेशनल एकेडेमीका साहनीकुमार कलवारले चार र वीरेन्द्र साह कानूले तीन विकेट लिएका थिए ।

१४० रनको विजयी लक्ष्य पाएको नेशनल एकेडेमी १३.२ ओभरमा सबै विकेट गुमाएर ७० रनमा सीमित भयो । नेशनलका नितेश सर्राफले २८ र रोशन पटेलले २१ रन बनाएका थिए । वीरगंज पब्लिकका राहुल बैठा, वाल्मीकि राउत र अफसर हुसेनले दुई/दुई विकेट लिएका थिए । यस खेलको 'म्यान अफ दी म्याच' वीरगंज पब्लिकका यदुवंशी बैठा घोषित भएको एनआई कलेजका प्रबन्ध निर्देशक मनीष सिंहले बताए ।

## बाग्मतीसित कर्णाली पराजित

काठमाडौं, ८ माघ/रासस

कर्णाली प्रदेशलाई सात विकेटले पराजित गर्दै बाग्मती प्रदेश प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ ।

कर्णालीले प्रस्तुत गरेको ७९ रनको सामान्य लक्ष्य बाग्मतीले १३ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । बाग्मतीका लागि इशान पाण्डेले सर्वाधिक ४० रन जोडे । त्यस्तै, रविन जोशीले अविजित १६ रन बनाए । आशुतोष घिरैयाले नौ रन जोड्दा रीत गौतमले आठ रन बनाए । कर्णालीका लागि तीनैवटै विकेट दिवान पुनले लिए ।

यस जीतसँगै बाग्मतीले छ खेलमा चारमा जीत तथा दुईमा हारसहित आठ अङ्क जोडेको छ । बाग्मतीले यसअघि मधेस प्रदेश, त्रिभुवन आर्मी क्लब र कोशी प्रदेशलाई हराएको थियो । त्यस्तै, नेपाल पुलिस क्लब र एपिएफसँग भने बाग्मती पराजित भएको थियो ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले २४ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ७८ रनमा समेटिएको थियो । कर्णालीका लागि अर्जुन घर्तीले २३ र निश्चल रावलले १३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बाग्मतीका लागि रिजन ढकालले पाँच विकेट लिए भने इशान पाण्डेले दुई तथा प्रतीश जिसी, सूर्य तामाङ र विपिन आचार्यले समान एक/एक विकेट लिए । यस हारसँगै कर्णाली पाँच खेलमा दुई जीत र तीन हारसहित चार अङ्क जोड्दै अङ्कतालिकाको सातौं स्थानमा छ ।

## प्रम कप क्रिकेट : प्रहरीको लगातार चौथो जीत

भैरहवा (रूपन्देही), ८ माघ/रासस

लगातार चौथो जीतसँगै नेपाल पुलिस क्लब प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ । सोमवार भैरहवाको सिद्धार्थ क्रिकेट रङ्गशालामा भएको खेलमा पुलिसले सशस्त्र प्रहरीलाई ५८ रनले हराएको छ । ललित राजवंशी बलिङमा चम्किंदा पुलिसले मध्यम स्कोरमा पनि जीत बटुलेको हो ।

पहिले ब्याटिङ गरेको पुलिसले ४१ ओभरमा आफ्ना सबै विकेट गुमाउँदै १४५ रन बनाएको थियो । पुलिसका लागि दिलीपनाथले ४४ रन बनाए भने अर्जुन साउदले ३१ र शङ्कर रानाले २२ रन जोडे ।

बलिङतर्फ सशस्त्रका भुवन कार्कीले तीन विकेट, अमर रौटेला र रमेश कुर्मीले समान दुई/दुई विकेट लिए । १४६ रनको लक्ष्य पाएको सशस्त्रले ३४ ओभरमा सबै विकेट गुमाउँदै ८७ रनमा समेटियो । सशस्त्रका लागि सन्दीप जोराले २५ रन र अमर रौटेलाले २३ रन बनाए । सशस्त्रका कप्तान रोहित पौडेल, लोकेश बम, मौसम ढकाल र रमेश कुर्मी शून्य रनमा आउट भएका थिए ।

बलिङमा नेपाल पुलिसका ललित राजवंशीले सात ओभरमा चार मेडेनसहित आठ रन मात्र जोडे । राजवंशीले पाँच विकेट लिंदा पुलिसका अर्का बलर रशिद खानले दुई विकेट लिए ।

## प्रधानमन्त्री कप क्रिकेट : मधेसद्वारा सुदूरपश्चिम पराजित

काठमाडौं, ८ माघ/रासस

प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा मधेस प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा मधेसले सुदूरपश्चिमलाई ८० रनले पराजित गऱ्यो । प्रतियोगितामा सुदूरपश्चिमको यो पहिलो हार हो । जीसँगै प्रतियोगितामा चौथो जीत हासिल गरेको मधेसले आठ अङ्क जोडेको छ । छ खेलमा आठ अङ्क जोड्दै मधेस प्रदेश तालिकाको तेस्रो स्थानमा छ । त्यस्तै, चार खेलमा तीन जीत र एक खेलमा हार बेहोर्दै सुदूरपश्चिम छ अङ्कका साथ अङ्कतालिकाको चौथो स्थानमा छ ।



तस्वीरः फाइल

मधेस प्रदेशले प्रस्तुत गरेको ३२० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ४४ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै २३९ रनमा समेटियो । सुदूरपश्चिमका लागि नरेन भट्टले १२२ बलमा १३ चौका र एक छक्काको मदतमा १२१ रन बनाए । यसैगरी, नारायण जोशीले २६, किरण ठगुन्नाले २०, नरेन साउदले १८, खड्क बोहराले १४ तथा गजेन्द्र बोहराले १२ रन बनाए ।

मधेसका लागि राजेश यादव र प्रदीप पासवानले समान तीन विकेट लिए भने रञ्जीत कुमारले दुई तथा कप्तान हरिशङ्कर साह र पवन सर्राफले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मधेस प्रदेशले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै ३१९ रन बनाएको थियो । मधेसका लागि मायन यादवले १२८ बलमा आठ चौका र दुई छक्काको सहयोगमा ११५ रनको योगदान दिए ।

त्यसैगरी, पवन सर्राफले ६३ बलमा चार चौका र चार छक्काको मदतमा ७० रन बनाए । अनिल साहले ७० बलमा छ चौका र दुई छक्काको मदतले ६९ रनको योगदान गरे । रूपेश सिंहले २१, अभिषेक तिवारीले १६ तथा हरिशङ्कर साहले १४ रन बनाए । सुदूरपश्चिमका लागि शेर मल्लले चार विकेट लिए भने विकाश आग्रीले दुई तथा नारायण जोशी र गजेन्द्र बोहराले समान एक/एक विकेट झारे ।